Received Date: Jan. 2024 Revised: Feb. 2024 Accepted: March 2024

# राणाकालमा मुलुकी बन्दोवस्त अड्डाको संक्षिप्त सिंहावलोकन

**मुरारी कृष्ण गौतम**
सह प्राध्यापक
इतिहास विभाग, सरस्वती बहुमुखी क्याम्पस, त्रि.वि.
Email: pof.mgautam@gmail.com
DOI: https://doi.org/10.3126/hj.v15i1.63979

**सार**

*नेपालको इतिहासमा १४-१५ सेप्टेम्बर १८४६ ई. १ को मध्यरात कोतपर्व जस्तो दुःखान्तकारी भयानक दुर्घटना घट्यो । यो घटनाले जंगबहादुर कुँवर नेपालको राजनीतिमा उदाए । उनले राणाशासनको जग बसाले । कोतको पटाङ्गिनीबाट बसेको राणशासनको जग १०४ वर्षसम्म कायम रह्यो । त्यसैले यो घटनालाई नेपालको इतिहासमा एउटा महत्त्वपूर्ण युगान्तकारी घटनाको रूपमा चित्रण गरिन्छ । राणाशासन एकात्मक, केन्द्रीकृत, निरंकुश, जहानियाँ र हुकुमी तन्त्रमा आधारित थियो । प्रशासनिक संगठन र त्यसका संरचनाहरू श्री ३ प्राइमिनिस्टरको मातहतमा रहने गरी सुनिश्चित गरिएका हुन्थे । केन्द्रिय, जिल्ला स्तरीय एवं स्थानीय स्तरका सबै प्रशासनिक निकायहरूमा राणा परिवार तथा उनीहरूका नजिकका वफादार नातेदारहरूको एकाधिकार कायम रहने गर्दथ्यो । शक्तिको अत्यधिक केन्द्रिकरण र अधिकाधिक अधिकार प्रयोग गर्न राणा प्राइमिनिस्टर सधैँ प्रयत्नशील रहने गर्दथे । राष्ट्रिय हितभन्दा पारिवारिक हित र समृद्धिमा देशको ढुकुटी दुरूपयोग भैरहेको थियो । राणाकालीन प्रशासनिक व्यवस्थामा मुलुकी बन्दोवस्त अड्डा वृहत क्षेत्राधिकार कायम रहेको निकै शक्तिशाली प्रशासनिक निकाय थियो । यसले वर्तमानको गृहमन्त्रालय जस्तै किसिमका आन्तरिक शान्ति सुरक्षादेखि देशको प्रशासनिक संयन्त्रलाई चुस्त दुरुस्त राख्न महत्त्वपूर्ण भूमिका खेल्दथ्यो । त्यतिमात्र नभएर मुलुकका आर्थिक क्षेत्रका विषयहरूलाई दृष्टिगत गरेर कार्य गर्ने जिम्मेवारी दिइएको थियो । चन्द्रशम्शेरको समयमा यो अड्डा अझ शक्तिशाली संरचना बन्न पुगेको थियो ।*

**शब्दकुञ्जिका :** पूँजी, प्रशासनिक व्यवस्था, फाँट, मुलुकी अड्डा, राणा प्रशासन ।

## परिचय

नेपालको परम्परागत प्रशासनिक व्यवस्थामा अनेक संगठनात्मक र संरचनागत सुधार प्रकृया अपनाएर प्रशासनिक संयन्त्रलाई परिचालन गर्न जंगवहादुरले आफू सर्वशक्तिमान भएदेखि नै कोशिस गरेका थिए । उनले राणाकालीन प्रशासनिक व्यवस्थालाई जंगी र निजामती गरी दुई पृथक सांगठनिक स्वरूप दिए । सैन्यतर्फको प्रशासन जंगी अड्डाले र निजामतीतर्फको प्रशासन मुलुकी अड्डाले रेखदेख गर्ने गरी केन्द्रिय स्तरमा यी दुई मुख्य कार्यलयहरू स्थापना गर्न लगाए । ८ यी मुख्य दुई अड्डाहरूको अतिरिक्त समग्र राणाप्रशासनअन्तर्गत (१९०३-२००७ वि.सं) २६ वटा ठुला र ८५/८६ वटा सानातिना अड्डाहरू खडा गरिएका थिए । यसरी स्थापना गरिएका अड्डाहरूमध्ये ९०% कार्यालयहरू उपत्यकाभित्रै संगठित थिए । त्यसैगरी राणा-प्रशासनमा संगठित कार्यालयहरूका प्रसंगमा जम्मा ७० वटा अड्डाहरूमध्ये १३ वटा केन्द्रियस्तरका मुख्य र ५७ वटा अड्डालाई मुख्य अड्डाअन्तर्गत क्षेत्राधिकार स्पस्टसँग तोकिएको चर्चासमेत गरिएको पाईन्छ ।' अड्डाहरूको संख्यात्मक विवरण फरक-फरक ढंगबाट प्रस्तुत गरिएको भए पनि राणाकालमा स्थापित अड्डाहरू शक्तिशाली, महत्त्वपूर्ण र कार्यप्रति उत्तरदायित्व बहन गर्न सक्ने सवल, सुदृढ र सशक्तरूपमा क्रियाशिल थिए । त्यसबेला राणाशासनमा सम्पूर्ण शक्तिको स्रोत श्री ३ महाराज प्राईमिनिस्टरमा अन्तरनिहीत थियो । उनको इच्छा, लहड र चाहनामा मुलुकको प्रशासनिक संयन्त्र परिचालन हुन्थ्यो । त्यसैले शासन व्यवस्था स्वेच्छाचारिता र निरंकुशतामा आधारित रहने गरेको थियो ।

## अनुसन्धान विधि

इतिहासको अध्ययन सत्यको खोजी हो । यसर्थ विगतमा वास्तविक रूपमा के भएको थियो भन्ने विषयको घटनाविवरणसँग प्रत्यक्षीकरण गराउँछ । सत्य तथ्यलाई उजागर गर्न यसको मूल ध्येय, उद्देश्य र मर्म पनि हो । विवादास्पद, मित्थ्याङ्क प्रक्षेपणका सवालमा चनाखो भएर यसलाई जनमानसमा पस्किनु पर्दछ । स्रोत तथा सामग्रीमा यथार्थपूर्ण सूचनालाई संपरीक्षण गरेर वास्तविकता उद्घाटन गर्नु ऐतिहासिक अध्ययनको मुख्य प्रयोजन पनि हो । नेपालको प्रशासनिक व्यवस्थामा पद्धतिगत ढाँचा र संगठनात्मक पक्षलाई दृष्टिगत गरेर मुलुकी बन्दोवस्त अड्डाको स्थापना, प्रयोग, प्रयोजनलगायतका विषयमा उठेका सवालहरूको निरूपण गर्न प्राथमिक तथा द्वितीयक स्रोत तथा सामग्रीलाई तुलनात्मक दृष्टिले विश्लेषण गरी यो आलेख प्रस्तुतीकृत भएको हो । अनसन्धान निरन्तर अध्ययन अनुशीलन गर्ने विषय भएकोले यसका बारेमा प्रचलित पद्धतिहरू विकसित भइरहेका हुन्छन् । त्यसै गरी नयाँ चिन्तन अवधारणा र कार्यविधिहरू पनि निस्किरहेका हुन्छन् । संसारमा यस किसिमका प्रचलित पद्धतिहरूलाई अध्यावधिक गर्दै अनुसन्धान कार्यलाई अग्रगति प्रदान गर्ने गरिन्छ । अनुसन्धान आफैँमा एउटा गतिशील र निर्वाद रूपमा निरन्तर चलिरहने प्रक्रिया हो । यसको अन्त्य र निष्कर्ष हुँदैन । यो निरन्तर चलिरहने अनुसन्धानात्मक गतिविधि हो । त्यसैले यसका बारेमा नयाँ प्रचलित तौर तरिका विधि पद्धति र अवधारणाहरू आविष्कार भइरहेका हुन्छन् । तिनीहरूकै जगमा उभिएर अनुसन्धान कार्यलाई अगाडि बढाउने गरिन्छ ।

## विषयवस्तु

राणाकालमा दोस्रो शक्तिशाली व्यक्ति कमाण्डर इन चिफ रहने व्यवस्था थियो । जसलाई चिफसाहेव भनिन्थ्यो । अर्को शब्दमा चिफसाहेवले मुख्तियारको रूपमा कार्य गर्दथे । उनले निजामती प्रशासनलाई दुरुस्त राख्न विशेष पहल गर्दथे । निजामती प्रशासन सञ्चालनार्थ मुलुकी बन्दोवस्त अड्डा स्थापना गरिएको थियो । उक्त अड्डाको स्थापना जंगबहादर राणाले गराएका थिए । त्यसबेला यस अड्डाको नाम 'मुलुकी अड्डा' राखिएको थियो । समय र परिस्थितिअनुसार उक्त अड्डाको क्षेत्राधिकार एवं जिम्मेवारी विस्तार गर्दै लगियो (स्टिलर, इ.१९८१ : २८२) । चन्द्र शम्शेरले प्रधानमन्त्रित्व कालमा रेजिडेण्ट् भएर आएका जे. म्यानर स्मिथले यस अड्डालाई ज्यादै शक्तिशाली निकाय भनेर व्याख्या गरेका छन् ।

राणाकालीन मुलुकी बन्दोवस्त अड्डा वर्तमान सन्दर्भमा गृहमन्त्रालय सरहको दायित्व निर्वाह गर्ने कार्यालय थियो (वैद्य, वि.सं.२०५३) । यसले देशमा शान्ति सुरक्षा कायम गर्ने, मालपोत सङ्कलनमा भूमिका खेल्ने र प्रशासनिक यन्त्रहरूमाथि नियन्त्रण गर्ने मुख्य कामहरू सम्पन्न गर्नुपर्दथ्यो । सम्पूर्ण कर्मचारीहरू सम्बन्धी नियम, ऐन, कानुन, आदि यस कार्यालयको स्वीकृतिपछि मात्र कार्यान्वयनमा ल्याउन सकिन्थ्यो । जिल्ला स्तरीय वडाहाकिम यसै अड्डाद्वारा नियुक्त हुन्थे । जिल्लाको शान्ति सुरक्षाको अवस्था मालपोतसम्बन्धी विवरणहरू प्रत्येक जिल्लाले मुलुकी वन्दोवस्त अड्डा समक्ष नियमित रूपमा प्रस्तुत गर्नुपर्दथ्यो । जिल्ला स्तरीय हाकिमहरूलाई आवश्यक निर्देशन, आदेश प्रदान गर्ने प्रक्रियामा पनि यस अड्डाको भूमिका रहन्थ्यो ।
नागरिकहरूले शान्ति सुरक्षा तथा मालपोतसम्बन्धी विषयहरूमा उत्पन्न विवाद, गुनासा, पीर मर्काहरू मुलुकी बन्दोवस्त अड्डा समक्ष प्रस्तुत गर्दथे र ती समस्याहरूलाई पहिचान गरी सिफारिससहित श्री ३ महाराज प्राइमिनिस्टर समक्ष पेश गरिन्थ्यो । प्रधानमन्त्रीले पनि यसै अड्डाको राय, सुझाव र सिफारिस अनुरूप आवश्यक कार्यवाही अगाडि बढाउने गर्दथे (पाण्डे, २०४२) । यसका साथै मुलुकको व्यापार-वाणिज्य, शिक्षा, कृषि तथा वन सुरक्षा सम्बन्धी आवश्यक व्यवस्था गर्ने क्रममा समेत यस अड्डाको प्रमुख हात रहने गर्दथ्यो (थापा, इ. १९९५) ।

रणोद्विप सिंहको प्रधानमन्त्रीत्वकालमा मुलुकी वन्दोवस्त अड्डाभित्र २ वटा शाखा थप गरिए । पहाडतर्फको रेखदेख र नियन्त्रणका निमित्त पहाड बन्दोवस्त र मधेशतर्फको आवश्यक प्रबन्ध मिलाउन मधेश बन्दोबस्त शाखाहरू स्थापना गरिए । यी शाखाहरूले निर्देशन गरिएका सबै किसिमका काम कर्तव्यहरू परिपालनमा गर्न गराउन

क्रियाशील रहनु पर्दथ्यो । मुलुकी बन्दोवस्त अड्डालाई अझ सशक्त, सवल र सुदृढ बनाउने हेतुले १९२३ इ. मा चन्द्रशमशेरले यसको पुनर्गठन गरे र यस अड्डाअन्तर्गत आठ ओटा फाँटहरू सिर्जना गराए । ती फाँटहरूको संक्षिप्त चिनारी तल प्रस्तुत गरिन्छ ।

**१) ऐनसवाल फाँट :-** मुलुकभित्रको शान्ति सुरक्षालाई मध्यनजर गरेर देशभर सुव्यवस्था र अमनचयन वहाली गराई राख्न आवश्यक ऐन, कानून, सवाल, स्तीहार तथा सनदहरू जारी गर्न गराउन यस फाँटले ध्यान पुऱ्याउथ्यो । अनुभवी र कानूनको ज्ञाता डिट्ठा पदका कर्मचारी यस फाँटका राष्ट्र सेवक कहलिन्थे । उनले प्रधानमन्त्री एवं मुख्तियारको राय-सुझावबमोजिम कानून तर्जुमा गरी छाप लगाई ऐन, सवाल प्रकाशन गरेपछि मात्र जिल्ला-जिल्लामा पठाउनु पर्दथ्यो (थापा, इ. १९९५) । देशमा स्थापित सबै जिल्लाहरूमा केन्द्रीय निर्देशन र पत्राचार जारी गर्नुपर्दा जिल्लाजिल्लाको शान्ति सुरक्षालाई ध्यानमा राखेर आवश्यक इस्तिहार जारी गरिन्थ्यो । त्यसरी निस्रित, प्रेसित भएका सर्कुलरहरू जिल्लाका बडाहाकिमले तलमाथि नगरीकन कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्दथ्यो ।

**२) मुलुकी अड्डा पूँजी फाँट :-** राणा प्रधानमन्त्री तथा मुख्तियारको प्रत्यक्ष सम्पर्कमा रही जिल्ला- जिल्लामा सरकारी आदेश, निर्देश गरिएका विभिन्न पूँजी यही फाँटले मुलुकभर पठाउने, पत्राचार गर्ने गर्दथ्यो । लिखित निर्देशनहरूलाई पूँजीको रूपमा पठाउनु यसको मुख्य जिम्मेवारी थियो ।

**३) रिपोर्ट निक्सारी फाँट :-** जिल्ला-जिल्लाका मातहतका कार्यालयहरूले नियमित रूपमा आफ्ना गतिविधि र तत् सम्बन्धी क्रियाकलापहरूको विवरण यही फाँटमा पठाउनु पर्ने व्यवस्था मिलाइएको थियो । यो फाँटभित्र पनि ३ वटा शाखाहरू स्थापना गरिएका थिए । पहाड रिपोर्ट निक्सारी फाँटले पहाडी क्षेत्रवाट प्राप्त रिपोर्टलाई सम्बन्धित निकायमा पेश गर्दथ्यो । उपत्यकाको र त्यसमा गर्नुपर्ने आवश्यक प्रबन्ध मिलाउने काम नेपाल रिपोर्ट निक्सारी फाँटले हेर्दथ्यो भने समग्र तराई क्षेत्रको रेखदेख मधेश रिपोर्ट निक्सारी फाँटद्वारा पूरा गरिन्थ्यो । यस फाँटलाई पनि दुईवटा उपशाखाहरूमा विभक्त गरिएको थियो । पूर्वी मधेश र पश्चिमी मधेश रिपोर्ट निक्सारी फाँट (पाण्डे, २०४२) ।

**४) मास्केवारी फाँट :-** प्रत्येक कार्यालयहरूले हरेक महिनाको अन्त्यमा महिनाभरिको गतिविधिसहितको मास्केवारी रिपोर्ट प्रधानमन्त्री र मुख्तियारसमक्ष प्रस्तुत गर्नुपर्दथ्यो । ती रिपोर्टहरूमा उल्लेखित विषयहरूलाई निर्देशनअनुसार यस फाँटले छानविन गर्ने र आदेशबमोजिम आवश्यक व्यवस्था मिलाउने गर्नु पर्दथ्यो । भीमशमशेरको समयसम्म मास्केवारी रिपोर्टसम्बन्धी काम रिपोर्ट निक्सारी फाँटले हेर्दथ्यो । तर जिल्लास्तरका कार्यालयहरूले आदेश र निर्देशन पालना गराउन ढिलाई हुनाले जुद्धशमशेरले नयाँफाँट खोली आदेश पालना गराउने जिम्मा यस मास्केवारी फाँटलाई सुम्पिएका थिए (थापा र अन्य, २०५४) । मुलुकी बन्दोवस्त अड्डा कायम भइसकेपछि हरेक महिनाको अन्तिम समयमा रिपोर्ट तयार गर्नुपर्दथ्यो । जसलाई मास्केवारी रिपोर्ट भनिन्थ्यो । उक्त फाँटका तोकिएका कर्मचारीले मुख्तियार समक्ष त्यसबेला तत्कालीन समयमा उक्त फाँटले गरेका कामकारबाहीहरूको यथार्थ विवरण गतिविधि आदि बुझबुझारथ गर्नुपर्दथ्यो । उक्त मास्केबारी फाँटलाई भिमशमशेरले बिन्तिपत्र मिक्सारी फाँट पनि भनेर सम्बोधन गरेका थिए । जुद्ध शम्सेरले उक्त फाँटलाई अझ व्यवस्थित सुनियोजित र संगठित गर्नका लागि कर्मचारीहरूको दरबन्दी समेत थप गरिदिएका थिए ।

**५) मधेश बन्दोवस्त फाँट :-** तराईका जिल्लाहरूमा मालपोत उठाउन, त्यस सम्बन्धी समस्याको रेखदेख गर्न यो फाँटले ध्यान दिन्थ्यो । समयमा मालपोत उठाउन नसक्ने र हेलचेक्र्याई गर्ने कर्मचारीलाई दण्ड सजाय दिने र पदबाट समेत मुक्त गर्न सक्ने अधिकार यस फाँटलाई सुम्पिएको थियो । यस फाँटलाई पनि चार भागमा विभाजन गरिएको थियो । लगतफाँट, रिपोर्ट फाँट, विर्ताफाँट र तहविल फाँटलाई आ-आफनो कार्यक्षेत्र तोकेर क्रियाशील गराइएको थियो (थापा, इ १९९५) । तराई क्षेत्रका जिल्लाहरू जसलाई गोस्वारा, मधेश गोस्वारा र अलग अलग जिल्लाका नामले पनि गोस्वारा निर्धारण गरिएका हुन्थे । तिनीहरू सबै जिल्लाहरूले आ-आफ्नो क्षेत्रमा भएका हुँदै गरेका कामकारबाहीहरूको फेहरिस्त तयार पारेर प्राइमिनिस्टर समक्ष यथार्थ विवरणहरू

प्रस्तुत गर्नुपर्दथ्यो । त्यसरी प्रस्तुतिकरण गरिएका विवरणहरूमा भुलचुक भई अन्यथा हुन पुगेका विषयहरूमाथि श्री ३ ले प्रश्न उठाउने र पुछताछ गर्न सक्दथे । दौडाहामा खटिएका कर्मचारीहरूले पनि जिल्ला जिल्लामा पुगेर उठेका विषयहरूमाथि छलफल र विवादको निरूपण गर्दै निर्णयहरू माथिल्लो निकायमा पठाउनु पर्दथ्यो । यसरी पठाउँदा तल्लो निकायमा अन्याय हुन गएको ठहरिएमा त्यस्तो दौडाहामा जाने कर्मचारीहरू कारबाहीको दायरामा पर्दथे ।

६) **नेपाल पहाड बन्दोवस्त फाँट :-** नेपालको तराई क्षेत्रको मालपोतसम्बन्धी विषयमा मधेश बन्दोवस्त फाँटले आवश्यक प्रबन्ध मिलाउने जिम्मेवारी पाए जस्तै नेपाल उपत्यका र पहाडी क्षेत्रको मालपोतसम्बन्धी यावत् विषयमा कार्य गर्न नेपाल पहाड वन्दोवस्त फाँटको स्थापना गरिएको थियो । यस फाँटअन्तर्गत पनि लगत फाँट, रिपोर्ट फाँट, विर्ता फाँट र तहविल फाँट गरी चारवटा उप-शाखाहरू गठन गरिएको थियो (अग्रवाल, इ. १९७६) । राणाकालीन प्रशासनिक व्यवस्थामा पहाडतर्फको शान्ति सुरक्षाको प्रबन्ध मिलिसिया अड्डाले सम्हाल्नुपर्दथ्यो । उक्त अड्डाले आन्तरिक शान्ति र बाह्य सुरक्षासमेतलाई ख्याल गरेर आवश्यक काम अगाडि बढाउनुपर्दथ्यो ।

७) **रकम बन्दोवस्त फाँट :-** जे. म्यानर स्मिथले यो फाँटको वारेमा उल्लेख गरेअनुसार यो निकाय निकै शक्तिशाली र महत्वपूर्ण थियो । राणाकालमा प्रायः कामहरू ठेक्कावाट सम्पन्न गर्ने परपाटी रहेको थियो । यस्तो ठेक्का पट्टा र मालपोत, कर असुलीको काम पनि यसै फाँटको संयोजनमा पूरा गरिन्थ्यो । चन्द्रशमशेरले यसको स्थापना गराएका थिए (अग्रवाल, इ. १९७६) । राणाकालीन समयमा जिल्ला जिल्लाको रकम व्यवस्थापन गर्न मातहतका अड्डाहरू स्थापना गरिएका हुन्थे । भूमिकर असुली सबैभन्दा महत्त्वपूर्ण बजेटको आधार मानिन्थ्यो । मालपोत अड्डाबाट जमिनको अवस्था र उत्पादन हेरेर कर तोकिन्थ्यो । उक्त कर असुल उपर गर्न जमिनदार लगायत रकम उठाउने कर्मचारी तोकिन्थे । मुन्सि मुखिया लगायतका स्थानीय महत्त्वपूर्ण व्यक्तिहरूलाई पनि भूमिकर उठाउने जिम्मेवारी तोकिन्थ्यो । चार किसिमका जमिनहरूलाई अनेक विर्ता गुठी रैकर किपट जस्ता प्रकारहरूमा वर्गीकरण गरिएका हुन्थे विर्ता जमीन राणा परिवारकै सदस्य र नातागोतामा वितरण गरिएको हुन्थ्यो । यसबाट राज्यले कर उठाउन पाउँदैनथ्यो । तर विर्तावालहरूले प्रशस्त लाभ भने प्राप्त गर्न सक्थे । किसानहरूको करको बोझले भार बढाउने र विर्तावालहरूले त्यसबाट अनुचित लाभ लिदै जाने प्रक्रियाहरू निरन्तर प्रचलित थियो । यो न्याय संगत र युक्तिसंगत प्रक्रिया थिएन । गुठी जग्गा पनि अनेक मठमन्दिर देवालयसँग सम्बन्धित हुन्थे । त्यसबाट पनि राज्यले कर उठाएर लाभ प्राप्त गर्न सक्दैनथ्यो ।

८) **काठ-महाल निक्सारी फाँट :-** जंगलको सुरक्षा, काठहरूको विक्री वितरण र यससम्बन्धी विषयमा उठ्ने सबै किसिमका समस्याहरूलाई निरूपण गर्न यो फाँटको स्थापना गरिएको थियो । प्रत्येक जिल्लामा न्यूनतम १/१ वटा काट-महान अड्डाहरू खडा गरिएका हुन्थे । तिनीहरूलाई आवश्यक निर्देशन र नियन्त्रण गर्न यो फाँटले भूमिका खेल्दथ्यो । राणाकालमा आम्दानीको स्रोतहरूमध्ये वन-जङ्गल र त्यसबाट प्राप्त काठ-पात, जडिबुटी आदि प्रमुख थिए (थापा र अन्य, २०५४) । राणाकालमा नेपालका असल जातका काठपातहरू तत्कालीन ब्रिटिश इन्डियाका अधिकारहरूले माग गरेका अलग अलग प्रान्त तथा जिल्लाहरूमा जल तथा थल मार्गबाट पैठारी निकासी गर्ने गरी काठ महाल भन्ने अड्डाहरू स्थापना गरिएको थियो । असल जातका काठ जडिबुटी जस्ता बनस्पतिहरू यो काठमहाल निक्सारी फाँटको माध्यमबाट बन्दोवस्त गर्ने गरी अधिकार तोकिएको थियो । यस्ता अड्डाहरू जिल्ला जिल्लामा स्थापना गरिएका थिए र भारतको रेलमार्ग निर्माण गर्दा त्यस्ता असल काठहरू अर्थात सखुवा साँज सिसौ लगायतका काठहरू भारत निकासी हुन्थ्यो र रेलका लिगहरूमा तिनीहरूको प्रयोग गरिएको हुन्थ्यो । राणाहरूले त्यसबापत मोटो रकम प्राप्त गर्थे र पारिवारिक समृद्धिमा त्यसको उपयोग गर्दथे । राज्यले त्यसबाट लाभ उठाउन सक्दैनथ्यो । किनकी राणाहरू नै राज्यका सर्वश्रेष्ठ शक्तिका स्रोत हुने गर्दथे । राज्यको कोष मुलुकको समृद्धिमा सदुपयोग हुने अवस्था थिएन । अधिकारको लागि आवाज उठाउन पनि उपर्युक्त समय पर्खिनु पर्ने र संगठित भएर आवाज उठाउन उपयुक्त समयको व्यवस्थापन गर्नुपर्दथ्यो । जुन पछि गएर सात सालको परिवर्तन आसपासमा यसका विषयमा प्रशस्त आवाजहरू उठे । संगठित हुने अभ्यास पनि भयो ।

दलहरू पनि खोलिए र परिवर्तनको चाँजो पाँजो मिल्दै गयो । जसलाई २००७ सालको जनक्रान्तिका रूपमा व्याख्या गर्ने गरिन्छ ।

**निचोड**

माथि प्रस्तुत गरिएका विवरणले यो सिद्ध गर्दछ कि मुलुकी बन्दोवस्त अड्डाको कार्यक्षेत्र ज्यादै विस्तृत थियो । यसमा सयौं कर्मचारी कार्यरत थिए । शुरूमा यो अड्डा सुब्बाको निगरानीमा रहने गरेको थियो । पछि जुद्धशमशेरले काजीलाई त्यस अड्डाको हाकिम बनाए । यसको बोझ, भार, कार्यक्षेत्र र स्तरलाई ध्यानमा राखेर जङ्गीलाठ र पू.क.ज. समेतलाई यसको हाकिम बनाएको प्रसंगले यसको महत्त्वलाई प्रष्ट पार्दछ ।
जिल्लास्तरीय कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा र खोसुवासम्बन्धी सबै काम मुलुकी बन्दोवस्त अड्डाले गर्ने हुनाले यो निकै शक्तिशाली थियो । जिल्लाका वडाहाकिमको सिफारिसमा पजनी- कागज यसै अड्डाले तयार पार्दथ्यो र दरबारको खर्चवर्चको हेरविचारसमेत यसै अड्डाले गर्ने गरेको हुनाले यो अड्डा राणाकालीन प्रशासनिक व्यवस्थाको ज्यादै महत्त्वपूर्ण साङ्गठनिक निकाय थियो ।

माथि प्रस्तुत गरिएको आठओटा फाँटहरूले आफूले तोकिएका अधिकार क्षेत्रभित्र रहेर आवश्यक कामहरू ढिलासुस्ति नगरी कार्यान्वयनको तहमा विशेष ध्यान दिएर पूरा गर्ने र तिनीहरूको निष्कर्षण पनि दिनुपर्दथ्यो । जारी गरिएका निर्देशनहरू सम्बन्धित जिल्ला, अड्डा अड्डामा पुगे नपुगेको विषयमा पनि अभिरुचि पूर्वक सूचना प्राप्त गर्ने र त्यसअनुसार प्रत्येक अड्डाहरूले आ-आफ्नो कार्यक्षेत्रमा कर्तव्य पालन गरे नगरेको जानकारी हासिल गर्न सक्रियता निर्वाह गर्नुपर्दथ्यो । तलमाथि हुन गएको अवस्थामा सजायको भागीदार बन्नुपर्ने स्थितिमा ती फाँटहरू विशेष चनाखो भएर कारबाहीको तहसम्म पुग्ने गरी सक्रिय हुनुपर्दथ्यो ।

**अध्ययनको महत्त्व**

कुनै पनि अनुसन्धानमूलक लेखन आफैँमा उपयोगी, उपयुक्त र खोजमूलक हुन्छ । त्यसको आफ्नै सैद्धान्तिक अवधारणा र प्रस्तुतीकरणको ढाँचा हुन्छ । पद्धतिगत चरणबाट आलेखहरूको संरचना गर्नु सिर्जनात्मक लेखनभन्दा प्राज्ञिक लेखनमा यसको वैशिष्ट्य रहन्छ । ऐतिहासिक शीर्षक, उपशीर्षकहरूलाई न्याय हुने किसिमले त्यसका अन्तरवस्तुमा केन्द्रित रहेर आसय र यथार्थताको पुष्टि गर्नु यसको महत्त्वपूर्ण पाटो हो । यो आलेखले राणाकालमा मुलुकी बन्दोवस्त अड्डाको स्वरूप, गठन, प्रयोग, प्रयोजन र उपयोगितालाई संक्षिप्त कृतिमा वर्णन गर्ने प्रयत्न गरेको छ । अनुसन्धान गवेषण अर्थात् अन्वेषण जस्ता पर्यायवाची शब्दहरू प्रयोग गरिने जुन पद्धति छ, त्यसैलाई अध्ययन विधिका आधारहरू मानिन्छन् । यो सबैभन्दा उपयोगी प्रभावकारी र प्रभावशाली आधार स्तम्भ हो । विना अनुसन्धान संसारले प्रगति हासिल गर्न सक्दैन । विश्वका शक्तिशाली र समृद्ध देशहरू अनुसन्धानकै माध्यमबाट शक्ति संचय गर्न सक्षम भएका हुन् । देशका आर्थिक मेरुदण्डका आधारभूत तत्त्वहरूलाई अनुसन्धानकै बलबाट सबलीकरण गरेर मात्र देशले समृद्धि हासिल गर्न सक्छ । समसामयिक पक्षहरू भन्नाले आर्थिक क्षेत्र, राजनीतिक संरचना, प्रशासनिक संगठन, सांस्कृतिक पक्षहरू, सामाजिक पद्धति, शैक्षिक विकास, धार्मिक विश्वास, पर्यटकीय प्रवर्द्धन जस्ता बहुआयामिक विषयहरू जसले देशको परिचय संसारभरि फैलाइदिन्छ । यिनीहरूको संबर्द्धन, प्रवर्द्धन र विकासले नै देशको लोकप्रियता बढाउँछ र प्रसिद्धि प्रदान गर्दछ । यसका साथै समृद्धि हासिल गर्न र मुलुकको सर्वाङ्गिण विकास गर्न पनि अनुसन्धानको महत्त्वपूर्ण भूमिका रहन्छ ।

**निष्कर्ष :**

राणाकालीन प्रशासनिक व्यवस्था केन्द्रिकृत स्वरूपको थियो । निरङ्कुशता, स्वेच्छाचारिता र हुकुमी शासन कायम रहेको बेला जनमुखी राज्य व्यवस्था, कानुनी राज्य, प्रजातन्त्र, स्वतन्त्रता र मौलिकहकहरू निस्तेज हुन कुन्ठित रहने नै भए । यद्यपि तत्कालीन सममा स्थापित भएका प्रशासनिक निकायहरू आ-आफ्नो कामको जिम्मेवारीमा कमजोर हुँदैन । सबै निकाय, संगठन एकाइ, विभाग, अड्डा, अदालतहरूले तोकेको अधिकार क्षेत्रमा कायम रहेर जिम्मेवारीपूर्वक कार्य सम्पन्न गर्न पर्दथ्यो । तोकिएका कर्मचारी एवं पदाधिकारीहरूले निर्देशित काम कर्तव्य पूरा नगर्दा सजायको भागिदार हुनुपर्दथ्यो र राणा प्रशासक हुँदै तालुकवाला अड्डाका पदाधिकारीसँग पूर्व

वफादार भएर कार्य सम्पादन गर्नुपर्दथ्यो । राणाकालीन प्रशासनिक व्यवस्था केन्द्रिकृत थियो शक्तिका सबै स्रोतहरू श्री ३ महाराजधिराज तथा प्राइमिनिष्टर मातहत रहन्थ्यो । मातहतका विभाग मन्त्रालय निकाय आदि सबै श्री ३ प्रति नै उत्तरदायि हुन्थे । यसले गर्दा राज्यको प्रमुख श्री ५ महाराजधिराज भए पनि उनि नाम मात्रका हुन्थे । सबैभन्दा शक्तिशाली श्री ३ महाराज नै रहने गर्दथे । प्रशासनिक संरचनामा तय भएका संगठनात्मक निकायहरू तोकिएको अधिकार क्षेत्रभित्र रहेर मात्र क्रियाशील हुन्थे । अनधिकृत रूपमा क्षेत्र अतिक्रमण गर्ने दुष्साहस कुनै पनि पदाधिकारीले गर्न आँट गर्दैनथे । हुकुम नै कानुन बन्दथ्यो । त्यसैले प्राइमिनिष्टर जहिले पनि निरंकुश अधिनायक र स्वेच्छाचारी बन्न पुग्थे । यस किसिमको प्रतिक्रियावादी शासन व्यवस्था कायम भएको अवस्थामा कुनै पनि निकाय र संगठनहरू स्वतन्त्र थिएनन् । समानताको बारेमा त चर्चा पनि गर्न सकिन्नथ्यो । कानुनी राज्य पनि नाम मात्रको हुन्थ्यो । अर्थात् अड्डा अदालतले श्री ३ को इच्छाअनुसार फैसला सुनाउनु पर्दथ्यो । उनले नचाहेका आफन्त नातागोता र चाकडीवाजहरूले सजाय पाउन सक्दैनथे । यदि रिसराग र वैरभाव छ भने त्यस्तो कर्मचारीलाई उनले बर्खास्त गर्न पजनी गर्न, दण्डसजाय तोक्न र अनेकौं ताडना दिन सक्थे । आर्थिक दण्डदेखि मृत्यदण्डसम्म दिन सक्ने उनको अधिकार सुरक्षित थियो । यस्तो अवस्थामा मुलुकी ऐन बन्दोवस्त अड्डा पनि श्री ३ कै मनोरथ अनुरूप परिचालित हुन्थ्यो । अझ चन्द्र शम्शेरको समयमा त यसको शक्ति चरमोत्कर्षमा पुगेको थियो । यद्यपि राणाकालीन प्रशासनिक व्यवस्थामा तोकिएका अड्डा अदालतहरू आफैँमा सक्षम र कर्तव्य परायण बनेका थिए । पदाधिकारीले नै सजाय पाउने व्यवस्था भएकोले उनीहरूले जारी भएको निर्देशनअनुसार कामकारबाही दुरुस्त गर्नुपर्दथ्यो ।

**सन्दर्भ सामग्री**

**प्राथमिक स्रोत**

अधिकारी बमबहादुरसँग २०८० कार्तिक २७ गते बागबजारमा लिएको अन्तर्वार्ताअनुसार । डा.अधिकारी लेखक अनुसन्धानकर्ता हुनुहुन्छ ।

पराजुली, जगतप्रसादसँग २०८० साल मंसीर २० गते लिएको अन्तर्वार्ता । पराजुली लेखक, अनुसन्धाता र पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत हुनुहुन्थ्यो । (हाल अनिवार्य अवकाशका कारण प्राध्यापनरत हुनुहुन्छ ।)

गौतम, बद्रीप्रसादसँग २०८० मंसिर १३ गते कीर्तिपुरमा लिएको अन्तर्वार्ताअनुसार । गौतम इतिहास केन्द्रीय विभागमा कार्यरत प्राध्यापक, लेखक एवं अनुसन्धानकार हुनुहुन्छ ।

**सहायक स्रोत**

अग्रवाल, हेमनारायण (इ.१९७६), *दि एडमिनिस्ट्रेटिभ सिस्टम अफ नेपाल,* विकास पब्लिसिङ्ग हाउस प्रा.लि. ।

अधिकारी, कृष्णकान्त (इ.१९८४), *नेपाल अण्डर जंगबहादुर १८४६-१८७७,* विकास पब्लिसिङ हाउस ।

कुमार, सतिस (इ. १९७६), *राणा पोलिटी इन नेपाल,* एसिया पब्लिसिङ्ग हाउस ।

थापा, कृष्णबहादुर (इ. १९९५), सोसल, *इकोनोमिक एण्ड एड्मिनिस्ट्रेटिभ हिस्ट्री अफ मोर्डन नेपाल,* रत्न पुस्तक भण्डार ।

थापा, कृष्णवहादुर र अन्य (वि.सं. २०५४), *आधुनिक नेपालको आर्थिक इतिहास,* नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

पाण्डे, सरदार भीमवहादुर (वि.सं २०४२), *त्यस-वखतको नेपाल,* भाग-५, साझा प्रकाशन ।

भट्टराई, घनश्याम (इ. २००८), *नेपालको स्थानीय प्रशासनको इतिहास (१७६८-१९५१),* एण्ड्रोएट पब्लिसर्स ।

………………… (वि.सं २०६९), *राणाकालीन जिल्ला प्रशासनमा बडाहाकिमहरूको भूमिका,* सिनास त्रि.वि ।

राणा, प्रमोद शम्सेर (इ. १९७८), *राणा नेपाल एन इन्साइडर्स भ्यू:* श्रीमती आर. राणा ।

वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न (वि.सं.२०५३), *आधुनिक नेपालको प्रशासनिक व्यवस्था (१७६८-१९५१),* नेपाल एशियाली अध्ययन केन्द्र. त्रि.वि. ।

सेभर, एड्रियन, (इ.१९९३), *नेपाल अण्डर द रानाज्* : अक्सफोर्ड एण्ड आइबिएच कम्पनी ।

स्टीलर, लुड्विग एफ., (इ.१९८१), *लेटर्स फ्रम द कोट म्यासेकर,* किर्तिपुरः रिसर्च सेन्टर फर नेपाल एण्ड एशियन स्टडिज्, त्रि.वि.वि.।

……………………., (इ.१९७६), *द साइलेन्ट क्राइ,* : सहयोगी प्रकाशन ।